घ) विद्यालयले Excel फाइलमा भएका सबै विवरण प्रधानाध्यापकको रोहवरमा यथार्थ रुपमा अद्यावधिक गर्ने, सो नगरेका कारण विद्यालयले प्राप्त गर्ने अनुदान तथा विद्यार्थीले प्राप्त गर्ने सुविधामा फरक पर्ने भएकाले सबै विवरणहरु त्रुटिरहित तरिकाले सतर्कतापूर्वक भर्ने/अद्यावधिक गर्ने । वास्तविक विवरण नभरेको/अद्यावधिक नगरेका कारण विद्यालय वा विद्यार्थी कुनै सुविधा प्राप्त गर्नबाट बञ्चित भएमा सम्बन्धित प्रधानाध्यापक नै जिम्मेवार हुने भएकाले यस कार्यमा प्रधानाध्यापक स्वयंले विशेष ध्यान दिने ।

ङ) साविकको डाटावेसमा रहेको प्रधानाध्यापकको मोवाइल नं नमिलेमा IEMIS फाइल Web portal मा अपलोड नहुने भएकाले प्रधानाध्यापकको वास्तविक नम्बर उल्लेख गर्ने ।

च) विद्यालय तहको IEMIS भित्र थप Modules को रुपमा विद्यालय लेख प्रणाली (School Accounting System–SAS) समावेश गरिएको छ। आ व २०७८/०७९ मा विद्यालय लेखा प्रणाली सम्बन्धमा प्रारम्भिक चरणको अभिमूखीकरण प्राप्त गरेका सबै विद्यालयले अनिवार्य रुपमा यस प्रणालीको कार्यान्वयन गर्ने ।

छ) यस प्रणालीवाट विद्यार्थीको परिचयपत्र तयार गर्न सकिने प्रावधान समावेश गरिएकोले यस शैक्षिक सत्र देखि अनिवार्य रुपमा यसै प्रणालीवाट विद्यार्थी परिचय पत्र तयार गरी वितरण गर्ने र विद्यार्थीले प्राप्त गर्ने सबै प्रकारका सुविधा प्रदान गर्दा अनिवार्य रुपमा उक्त परिचय पत्र पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्ने ।

ज) यस प्रणालीमा कोभिड १९ र यस्तै विभिन्न महामारीको समयमा विद्यार्थीको सिकाइ अवस्थाको पहिचान र विपदका कारण भएको क्षति र सोको समाधानका लागि गर्नुपर्ने कार्यको आवश्यकता पहिचानका लागि EIE(Education in Emergecy) button थप गरिएको छ । उक्त उपप्रणालीमा कोभिडको समयमा भएको शैक्षिक क्षतिको परिपुरणका लागि विद्यालयले गरेका कार्यहरुको विवरण अनिवार्य रुपमा भर्नुहुन र यस Button मा बाढी/पहिरो, हावा हुरी, भुकम्प जस्ता प्राकृतिक प्रकोपबाट भएको शैक्षिक क्षति सम्बन्धी विवरण भर्ने स्थानहरु भएकाले यदि उपयुक्त कारणबाट विद्यालयमा कुनै क्षति भएमा तत्काल Excel File मा विवरण भरी अनलाइनमा अपलोड गर्ने ।

झ) अनलाइनवाट विद्यालयको Report Card डाउनलोड गरेर प्रिन्ट गरी उक्त Report मा प्राप्त विवरण अभिभावकलाई जानकारी गराउने,सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने र सोको प्रतिलिपी सामाजिक प्रतिवेदनको अनुसूचीको रुपमा समावेश गरी नगरपालिकामा पेश गर्ने

ञ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्वाट सम्बन्धन लिई सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School–TECS) सञ्चालन गरिरहेका सामुदायिक माध्यमिक विद्यालयहरुले उक्त कार्यक्रम अन्तर्गत (Pre-diploma/Diploma) अध्ययनरत विद्यार्थीको विवरण पनि यस प्रणालीमा प्रविष्ट गर्ने ।

ट) गतवर्ष विवरण अद्यावधिक गर्न छुट भएका विद्यालयहरुले शैक्षिक सत्र २०७७ देखि कै विवरण अद्यावधिक गर्ने ।

सोमनाथ गुरागाई
शिक्षा अधिकृत

Scanned with CamScanner

"हरित नगर, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
१ नं. प्रदेश, नेपाल

☎ : ०२३-५८००४४, ५८०१३७
५८०५०२, ५८१०५३
फ्याक्स नं.: ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०७८।०७९
च.नं. ६४०२

मिति : २०७९/०३/१२

**विषय : IEMIS अद्यावधिक गर्ने सम्बन्धमा ।**

श्री विद्यालय (सबै)
दमक नगरपालिका झापा

प्रस्तुत विषयमा सबै प्रकार र तह (सामुदायिक,संस्थागत र परम्परागत/धार्मिक प्रकृति) का विद्यालयहरुवाट प्रत्येक शैक्षिक सत्रको शुरु र अन्त्यमा क्रमश Flash I / Flash II School Census अन्तर्गत विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली ) Integrated Educational Management Information System – IEMIS ) मा विद्यालय शिक्षासँग सम्बन्धित तथ्यांक/सूचनाहरु Web based System मा व्यवस्थापन गरी तिनको संकलन, एकीकरण, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशन गर्दै सोका आधारमा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन कार्यहरु हुँदै आइरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च.नं ११४ मिति २०७९/०३/०९ गतेको प्राप्त पत्रानुसार शैक्षिक सत्र २०७९ को IEMIS मिति २०७९ श्रावण १५ गते भित्र अनिवार्य रुपमा सबै प्रकारका विद्यालयहरुले अद्यावधिक गर्नुहुन भनी लेखि आएकोले तपसिल अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

## विद्यालयले गर्नुपर्ने कार्य

क) सबै प्रकार र तहका विद्यालय (Montessori/ECED देखि कक्षा १२ सम्म सञ्चालन भएका) हरुले आफ्नो विद्यालयको Excel based को IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने तथा नयाँ विद्यालय भए निर्धारित मिति भित्र यस नगरपालिका मार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट Excel based IEMIS File प्राप्त गरी पूर्ण रुपले भर्ने ।

ख) यस शैक्षिक सत्रमा पनि विद्यालयले प्रयोग गर्ने Excel Based File मा केही परिमार्जन गरिएकाले अनलाइन (iemis.cehrd.gov.np मा log in गरी) बाट विद्यालयको Excel File डाउनलोड गर्ने र Importer मार्फत नयाँ भर्सन मा परिवर्तन गरी विवरण अद्यावधिक गर्ने र यस अघि अपलोड गरिसकेका विद्यालयहरुले पनि पुन : नयाँ फाइल डाउनलोड गरी Importer बाट Import गरी थप विवरणहरु अद्यावधिक गरी पुन : अपलोड गर्ने ।

ग) विद्यालयको नाम, प्रधानाध्यापकको नाम थर र मोबाइल नं, विद्यालय रहेको हालको स्थानीय तहको वडा नं, टोल, विद्यालयको इमेल ठेगाना, स्थापना मिति, बालविकास केन्द्रको संख्या (विद्यालयमा आधारित र समुदायमा आधारित) लगायत विद्यालयको प्रकार, सञ्चालित कक्षा र अनुमति/स्वीकृती मिति अद्यावधिक गर्ने र सबै विद्यालयहरुले आ आफ्नो विद्यालयको Excel based data को अद्यावधिक गरी सकेपछि अनिवार्य रुपमा IEMIS Web–portal मा आफ्नो विद्यालयको User Account प्रयोग गरी Upload गर्ने ।

Scanned with CamScanner